गाउँ कार्यपालिकाबाट पारित
मिति २०८१/०२/३१

# जहदा गाउँपालिका

## मर्मत सम्भार तथा व्यवस्थापन कोष संचालन कार्यविधि, २०८१

**प्रस्तावना:**

विकासका प्रतिफलको समानुपातिक वितरण गर्न एवं पिछडिएका समुदायको हितका लागि निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार तथा व्यवस्थापकिय कार्यका लागि आवश्यक कोषको व्यवस्था गर्दै आर्थिक-सामाजिक-सांस्कृतिक क्रियाकलापमा महिला, बालबालिका, अल्पसंख्यक, पिछडिएका वर्ग तथा समाजका विभिन्न पक्षहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता मार्फत स्थानीय उपभोक्ताहरुको सरोकारका विषयहरुमा साझेदारी तथा समन्वयको माध्यमबाट पूर्वाधारहरुको दिगो उपयोगको सुनिश्चितता गर्ने सम्बन्धि कार्य थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी जहदा गाउँ कार्यपालिकाको मिति २०८१/०२/३१ गतेको बैठकबाट निर्णय पारित गरी यो निर्देशिका लागू गरिएको छ ।

### परिच्छेद एक

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधीको नाम "मर्मत सम्भार तथा व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधी जहदा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा-

(क) "अध्यक्ष" भन्नाले जहदा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले जहदा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले जहदा गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले जहदा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "कोष" भन्नाले मर्मत सम्भार तथा व्यवस्थापन कोषलाई सम्झनुपर्दछ ।

(च) "सभा" भन्नाले भन्नाले जहदा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

३. यस कार्यविधी बमोजिम गराउनु पर्नेः स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धि कार्य गर्दा यस कार्यविधी बमोजिम गराईने छ ।

## परिच्छेद-२

## उद्देश्य, कोषको स्थापना र सञ्चालन

४. उद्देश्य:

(१) स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उचित उपयोग तथा मर्मत सम्भार तथा व्यवस्थापन गर्न सघाउ पुर्याउने ।

(२) विकासका प्रतिफलको समानुपातिक वितरण गर्न एवं पिछडिएका समुदायको हितका लागि निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग तथा मर्मत सम्भार तथा व्यवस्थापनकालागि आवश्यक कोषको व्यवस्था गर्ने ।

(३) आर्थिक-सामाजिक-सांस्कृतिक क्रियाकलापमा महिला, बालबालिका, अल्पसंख्यक, पिछडिएका वर्ग तथा समाजका विभिन्न पक्षहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता मार्फत स्थानीय उपभोक्ताहरुको सरोकारका विषयहरुमा साझेदारी तथा समन्वयको माध्यमबाट पूर्वाधारहरुको दिगो उपयोगको सुनिश्चितता गर्ने ।

५. कोषको स्थापना र सञ्चालन:

(१) गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको स्वीकृत बजेटको सिमाभित्र रहि निश्चित रकम विनियोजन गरी पूँजिगत बजेट शिर्षकबाट खर्च लेखिने नयाँ योजना सञ्चालनका निमित्त विनियोजित रकममध्ये २% ले हुन आउने रकम तथा अन्य संगठित संस्थाहरु, दातृनिकाय, व्यक्ति आदिबाट अनुदान, चन्दा, सर-सहयोग तथा ऋण समेत प्राप्त गरेर कोष खडा गरिनेछ ।

(२) दफा ४ बमोजिमका उद्देश्य अनुरुपका कार्य सम्पन्न गर्न कोषको सञ्चालनका निमित्त देहाय बमोजिम एक मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

पूर्वाधार विकास समिति संयोजक - संयोजक

सम्बन्धित कार्य हुने वडाको वडाध्यक्ष- सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

सम्बन्धित सेवा समुहको वरिष्ठतम् इञ्जिनियर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी -सदस्य सचिव

समितिलाई आवश्यकता महशुस भएमा कार्यविधीको क्षेत्रानुसार कार्य सम्पादन गर्न रितपूर्वक गठित उपभोक्ता समितिका अध्यक्ष, स्थानीय तहमा सक्रिय राजनैतिक दलका संयोजक तथा नागरिक समाजका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

६. कोषको सञ्चालन र निर्णय सम्बन्धि अन्य व्यवस्था:

(१) दफा ५ को उपदफा (२) वमोजिम गठित मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको वैठक प्रत्येक चार महिनामा कम्तिमा एक पटक बस्नेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै

कुरा लेखिएको भएतापनि समितिलाई आवश्यकता महशुस भएको खण्डमा तोकिए भन्दा बढि पटक पनि समितिको बैठक बस्न बाधा परेको मानिने छैन ।

(२) समितिको बैठकका निर्णयहरु सर्वसम्मतिबाट हुनेछन् । सर्वसम्मति हुन नसकेको अवस्थामा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम आमन्त्रण गर्न सकिने भनि उल्लेख गरिएका प्रतिनिधिहरुको अनुपस्थितीले बैठकको गणपूरक संख्या नपुगेको मानिने छैन । बैठकमा हुने निर्णय प्रक्रियाको हकमा निजहरुमा मतदानको अधिकार रहने छैन ।

(४) कार्यसञ्चालनका सम्बन्धमा यस कार्यविधीमा उल्लेख गरिएकोमा यसै बमोजिम र थप विषयहरुको सन्दर्भमा समिति आफैले व्यवस्थित गरेको कार्यविधी बमोजिम हुनेछ । समितिले सम्पादन गरेका कार्यहरुको लगत राख्ने यथोचित व्यवस्था गर्नुपर्नेछ र सो सम्वन्धी प्रतिवेदन नियमित रुपमा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिबाट तोकिएबमोजिम निर्णय हुन नसकेका विषयहरु उपर छानविन गरि प्रमुख प्रशासकीय अधिकृतले मनासिव तथ्य र कारण खुलाई गाउँ कार्यपालिकामा सिफारिस पेश गर्न बाधा परेको मानिने छैन ।

विशेष परिस्थितिमा बाहेक प्रमुख प्रशासकीय अधिकृतको सिफारिस मुताविक गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

७. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-

(१) नेपाल सरकार, साविक गाउँ विकास समितिहरु वा दातृ संस्थाको सहयोग, साझेदारी तथा संयुक्त लगानिमा निर्माण भएका ग्रामिण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, तथा मेशिनरी औजारहरुको लगत तयार गरि मर्मत सम्भार एवं व्यवस्थापन गर्नुपर्ने भएमा प्राथमिकता अनुरुप तत्काल गर्नुपर्ने, केहि समय पश्चात गर्नुपर्ने र भविश्यमा गर्नुपर्ने गरी वर्गिकरण गरेर कार्यविधीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(२) मर्मत सम्भार कार्यमा संलग्न उपभोक्ता समिति, ठेकेदार तथा संलग्न कर्मचारीहरुलाई आवश्यक सल्लाह प्रदान गर्ने ।

(३) मर्मत सम्भार सम्बन्धि कार्यका लागि प्रत्येक वर्षको कार्ययोजना निर्माण गर्ने, आर्थिक श्रोतको पहिचान गर्ने एवं कोष सञ्चालनमा आवश्यक नियम कानून सम्बन्धमा कार्यालयमा सिफारिस पेश गर्ने ।

(४) कोषको सञ्चालन र व्यवस्थापनका निमित्त गाउँ कार्यपालिकाले दफा ५ को उपदफा (२) बमोजिम गठित मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समिति लाई थप जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

विनोद कुमार
प्रमुख प्रशासकीय



CamScanner

- कोषको रकम दुरुपयोग भएको शंका लागेमा वा तोकिएका क्षेत्रमा बाहेक अन्यत्र खर्च भएको सूचना प्राप्त भएमा जुनसुकै समयमा पनि अनुगमन गरि कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ ।
- समितिको संयोजकले अनुगमन प्रतिवेदन तयार गरि गाउँ कार्यपालिकामा पेश गर्नेछ ।

## परिच्छेद-४

## विविध

११. उल्लेख नभएका विषयहरु: यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा माथिल्लो तहका सरकारको निर्देशन, गाउँ कार्यपालिकाका निर्णयहरु तथा अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछन् ।

१२. कोष सञ्चालन सम्बन्धि थप कार्यविधि, प्रक्रिया एवं अन्य विषयवस्तुहरु दफा ५ को उपदफा (२) बमोजिम गठित समिति स्वयंले व्यवस्थित गर्नेछ । यसरी तय हुने थप विषयवस्तुहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेस गरि अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ ।

१३. मर्मत सम्भार कोषको रकम स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग, मर्मत सम्भार, व्यवस्थापन एवं तोकिएका उद्देश्य अनुरुपका क्षेत्रमा बाहेक खर्च गर्न पाईने छैन ।

१४. अधिकार प्रत्यायोजन: यस कार्यविधि बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार बाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरि प्रत्यायोजन गर्न सकिनेछ ।

१५. कार्यविधीको व्याख्या तथा संशोधन:- कार्यविधीमा आवश्यकता अनुसार थपघट गर्नुपर्ने भएमा दफा ५ को उपदफा २ बमोजिम गठित समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१६. खारेजी र बचाउ: यस कार्यविधी जारी हुनुभन्दा पहिले स्थानीय तहमा निर्मित ग्रामीण सडकहरु, अन्य भौतिक पूर्वाधारहरु, मेशिनरी औजारहरुको उपयोग तथा मर्मत सम्भार सम्वन्धि यस कार्यालयबाट विगतमा भएका निर्णय एवं कार्यहरु यसै कार्यविधी बमोजिम भएको मानिनेछ ।

आज्ञाले
विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत